TUTA Journal Vol. 11-12(1), 2023/2024 ISSN : 23508892

# शोधकार्यमा नारीवादी सिद्धान्तको संश्लेषण

**निर्मला ढकाल, विद्यावारिधि शोधार्थी, मानविकी तथा सामाजिक शास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर**

Email : nirmaladhakal165@gmail.com

**सार**

प्रस्तुत लेख शोधकार्यमा नारीवादी सिद्धान्तको संश्लेषण प्रक्रियासँग सम्बन्धित रहेको छ । यस लेखमा शोधकार्यमा सैद्धान्तिक पक्षको संश्लेषण गर्ने आधारसम्बन्धी प्रायोगिक पक्षको विषयमा विमर्श गरिएको छ। गुणात्मक अनुसन्धान पद्धति र विषयवस्तु विश्लेषणमा आधारित यो लेख पुस्तकालयबाट सङ्कलित द्वितीयक स्रोतका सामग्रीमा आधारित छ। नारीवाद पितृसत्ताको दमनका कारण पहिचानविहीन बनेको लिङ्गीय समाजमा पुरुषइतरका निर्मितिलाई मूलधारमा ल्याई पुरुषसरह सामाजिक र सांस्कृतिक निर्मितिको पक्षमा सञ्चालित आन्दोलन र त्यसले स्थापना गरेका मानकको दार्शनिक र सैद्धान्तिक स्वरूप हो। नारीवादले सामाजिक र सांस्कृतिक निर्मितिका रूपमा पितृसत्तासँग नारीपुरुष सत्तासम्बन्धमा आधारित लैङ्गिक प्रतिनिधित्व, प्रभुत्व, विभेद, समता, समानता, समान अवसर, राजनीतिक रूपमा पुरुषसरह नारीपहिचान, नारीअस्तित्व, नारीअधिकारका रूपमा प्रजनन अधिकारको स्थापना, नारी शरीरमाथि पुरुष नियन्त्रणको अन्त्य लगायतका अनेकौं विषयको अध्ययन गर्दछ । नारीवादी सिद्धान्तको संश्लेषण गरिने यस लेखमा लैङ्गिक प्रतिनिधित्व, प्रभुत्व, विभेद तथा नारीवादसम्बन्धी अवधारणाको सैद्धान्तिक संश्लेषण तथा त्यसको प्रायोगिक पक्षका विषयमा विमर्श गरिएको छ।

*शब्दकुञ्जी :* लैङ्गिक प्रतिनिधित्व, प्रभुत्व, विभेद, नारीवाद

लेखसम्बन्धी विवरण : लेख प्राप्त मिति : २०८०/०८/१२, लेख पुनरावलोकन मिति : २०८१/०३/१३, लेख स्वीकृत मिति : २०८१/०६/१३ ।
प्रकाशक : त्रि वि प्राध्यापक संघ, महेन्द्र मोरङ आदर्श बहुमुखी क्याम्पस, विराटनगर, एकाइ समिति।

## विषयपरिचय

नारीवाद १९४० को दशकमा मताधिकारबाट वञ्चित गरिएका नारीहरूको समूहले मताधिकार प्राप्तिका लागि सञ्चालन गरेको आन्दोलनको पृष्ठभूमिमा स्थापित भई नारी अधिकारका रूपमा मताधिकार मात्र नभई लैङ्गिक समानता, समता, समविकास र समान अवसरका विषयलाई प्रस्तुत गर्ने राजनीतिक सिद्धान्तका रूपमा परिचित रहेको छ। नारीवादको विकास विभिन्न चरणमा भई यसको स्वरूप र विचारधारामा समेत भिन्नता रहेको छ। नारीकेन्द्री विचारधाराको पहिचान बनाएको यस सिद्धान्तको अध्ययन अन्तरअनुशासनात्मक विषयका रूपमा हरेक क्षेत्रमा हुने गरेको छ। लैङ्गिकताको बृहत्तर क्षेत्रलाई आधारभूमिका रूपमा लिई सैद्धान्तिक पर्याधारको निर्माण भएको दृष्टिकोण विश्लेषकको रहे पनि यी दुई सिद्धान्त एकअर्काका परिपूरक रहेका छन् । नारीवादको मुख्य अध्ययन क्षेत्रका रूपमा पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व र सत्ता सम्बन्ध, प्रभुत्व र प्रभुत्वका कारण सृजित विभेद, शरीर राजनीति, लैङ्गिकता जस्ता प्रतिमान प्रमुख रहेका छन् । यस अध्ययनमा नारीवादका प्रमुख प्रतिमानका रूपमा पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व र सत्ता सम्बन्ध, प्रभुत्व र विभेदलाई चयन गरिएको छ भने प्रमुख सन्दर्भ सामग्रीका रूपमा अमर गिरीको 'सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा', ताराकान्त पाण्डेयको 'मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र', रमेशप्रसाद भट्टराईको 'सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्त' र 'लैङ्गिक अध्ययन' तथा र रजनी ढकालको 'सांस्कृतिक अध्ययनमा लैङ्गिकता' विषयक नारीवाद सैद्धान्तिक समालोचनामा प्रस्तुत गरिएका दृष्टिकोणलाई भावान्तरण गरी संश्लेषण गरिएको छ। उपर्युक्त सैद्धान्तिक

समालोचनालाई चार मुख्य विषयमा वर्गीकरण गरी ती अवधारणको विश्लेषण सहित साहित्यिक पाठमा विद्यमान नारीवादको अध्ययन र विश्लेषणका लागि उपयुक्त सैद्धान्तिक सामग्री रहेको निष्कर्ष निकालिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययनमा नारीवाद राजनीतिक विषय रहे पनि साहित्यको समालोचना गर्ने अनुशासनका रूपमा रहेको नारीवादी सिद्धान्तले साहित्यकारले साहित्यमा प्रस्तुत गरेको भाष्यका आधारमा साहित्यिक पाठको विश्लेषण र मूल्याङ्कन गर्ने अध्ययन पद्धतिको स्थान बनाएको छ । प्रस्तुत अध्ययन वानिरा गिरीका उपन्यासमा नारीवाद विषयसम्बद्ध रहेकाले यस अध्ययनको पूर्णताका लागि सैद्धान्तिक विषयलाई चार भिन्न विषयमा विभाजन गरी उक्त विषयका आधारमा भएका पूर्वकार्यको समीक्षा र उक्त अध्ययनको यस अध्ययनसँगको अन्तर्सम्बन्धको विवेचना गरिनेछ । यस अध्ययनको पूर्णताका लागि सांस्कृतिक अध्ययन अन्तर्गतको नारीवाद र यसको विश्लेषण गर्ने प्रतिमानका बारेमा विवेचना गरिएका लेख–रचना, समालोचना, अनुसन्धान र शोधकार्यको समीक्षा गरिनेछ । समीक्षा गर्ने क्रममा नारीवादका बारेमा भएका पूर्वकार्यलाई अध्ययनमा समेटिनेछ । यस अध्ययनका लागि विषयगत रूपमा प्राप्त सामग्रीलाई कालक्रमिक ढाँचामा विश्लेषण गरी तिनमा रहेको सैद्धान्तिक स्थिति र यस अध्ययनसँग तिनको अन्तरसम्बन्धको विवेचना गरिएको छ ।

## नतिजा र विश्लेषण

नारीवाद विश्वमा विस्तारित रहेको नारीकेन्द्री राजनीतिक विचारधारा हो आफ्नो विकासका चरणमा विभिन्न स्वरूप र आकारका साथै सिद्धान्त अवलम्बन गरी विकसित रहेको यस चिन्तनधाराले मार्क्सवाद र गैरमार्क्सवाद दुवै सिद्धान्तका अन्तरसाक्ष्यमा आफ्ना सिद्धान्त अङ्गीकार गरेको छ । नारीवाद राजनीतिक सिद्धान्त रहेपनि साहित्यमा प्रयोग भएका नारी विषयक भाष्यका आधारमा साहित्यको समालोचना गर्ने अनुशासनका रूपमा यसले आफ्नो स्थान बनाएको छ भने यसले साहित्यिक पाठमा प्रस्तुत भएका भाष्यका आधारमा पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व र सत्तासम्बन्ध, लैङ्गिक प्रभुत्व र विभेदको अवस्था, लैङ्गिक प्रतिरोध र नारी सर्वोच्चतालाई प्रस्तुत गर्ने नारीवादी विचारधाराका अतिरिक्त लिङ्ग र लैङ्गिकतासँग जोडिएका विविध विषयको अध्ययन र विश्लेषणसहित तिनलाई प्रकाशमा ल्याउने कार्य गर्दछ । प्रस्तुत अध्ययन वानिरा गिरीका उपन्यासमा नारीवाद विषयसँग सम्बन्धित रहेकाले गिरीका उपन्यासमा प्रयुक्त भाष्यका आधारमा पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व र सत्ता सम्बन्ध, प्रभुत्वको अवस्था र विभेद एवम् नारीवाद जस्ता चार विषयमा आधारित रहेको छ । नारीवादका विषयमा नेपाली समालोचना परम्परामा लेखिएका सैद्धान्तिक समालोचनामा नारीवादी अध्ययन र तिनका प्रतिमानका रूपमा रहेका विश्लेषणका आधारलाई विषयवस्तुगत र कालक्रमिक आधारमा विवेचना गरिएको छ ।

### पितृसत्ता

पितृसत्ताको विषय सामाजिक संरचनामा निर्माण भएको ज्ञान र उक्त ज्ञानले सामाजिक संरचनामा स्थापना गर्ने शासक र अधिनस्थ बीचको सत्तासम्बन्धमा शासकको ज्ञानसम्बद्ध विषय रहेको छ । यस विषयको सैद्धान्तिक दृष्टिकोण प्रस्तुत गर्ने सन्दर्भमा अमर गिरी (२०६७) ले लैङ्गिकतालाई शक्तिको अभ्यासका रूपमा विवेचना गर्ने नारीवादले पुरुषकेन्द्री विचारधाराबाट अनुप्रणित भाष्यका रूपमा पितृसत्ता रहेको अवधारणा प्रस्तुत गरेका छन् । गिरीको यस अध्ययनले सामाजिक/सांस्कृतिक विषयका रूपमा सामाजिक संरचनामा ज्ञानका रूपमा उत्पादन भई प्रसारित रहेको शासकको विचारधारालाई पितृसत्ताका रूपमा प्रस्तुत गरेको छ । वानिरा गिरीका उपन्यसमा नारीवाद विषयक यस अध्ययनको सैद्धान्तिक पर्याधार र विश्लेषणका प्रतिमान निर्धारण गर्ने सन्दर्भमा प्रस्तुत अवधारणाको उपयोग सिद्धान्त निर्माण र निर्धारण गर्ने सन्दर्भमा उपयोगी सिद्ध हुनेछ । यस अध्ययनलाई सैद्धान्तिक अवधारणाको निर्माणका लागि उपयोग गर्न सकिन्छ ।

विश्व राजनीतिको मञ्चबाट साहित्यको समालोचना गर्ने अनुशासनका रूपमा प्रवेश पाएको सांस्कृतिक अध्ययनको छाताभित्र अध्ययन गरिने विषयका रूपमा पितृसत्ता एक प्रतिमान रहेको छ । यस सिद्धान्तले साहित्यिक पाठमा साहित्यकारले निर्माण गरेका भाष्यका आधारमा विवेचना गर्ने कार्य गर्दछ । रमेशप्रसाद भट्टराई, २०६७ले पितृसत्तालाई महिलालाई पछि पारिनुको कारकका रूपमा सामाजिक संरचना र अभ्यासबाट निर्मित विचारधारा भनी परिचाषित गरेका छन् । भट्टराईको यस अध्ययनमा समाजमा विचारधाराका रूपमा रहेका ज्ञानले महिलाहरूलाई पछि पारेको र उक्त पछि पार्ने प्रयोजनका लागि समाजप्रदत्त ज्ञान नै पितृसत्ता रहेको विषयलाई सैद्धान्तिकरण गरेको छ । पितृसत्ताका कारण समाजमा महिला र पुरुष बीच समानता नरहेको राजनीतिक विषय रहे पनि साहत्यिक पाठमा महिलाको भूमिका र तिनको स्थितिलाई विश्लेषण गरिने प्रतिमानका रूपमा यसको सैद्धान्तिक विकास भएको छ । भट्टराईको यस अध्ययनको उपयोग सैंद्धान्तिक पर्याधार अन्तर्गतको एक प्रतिमान निर्माणका लागि उपयोगी रहेको छ ।

लैङ्गिक अध्ययनअन्तर्गत समता र समानताका पक्षमा परम्परित ज्ञानको विरुद्धमा प्रतिरोध चेतनाको विकास गर्ने नारीवादका आवरणमा पितृसत्ताको सैद्धान्तिक विषय र यसको विचारधारासँगको सम्बन्ध स्थापित भएको देखिन्छ । परम्परित पुरुषवादी विचारधाराले महिलामाथि विभेद गरेको तथा समान अवसरबाट सम्पृक्त तुल्याएकाले महिलाका प्रत्येक सामाजिक/सांस्कृतिक विकासको बाधकका रूपमा पितृसत्ताको भूमिकाको आलोचना हुँदै आएको छ । प्रस्तुत विषयका सम्बन्धमा चर्चा गर्ने क्रममा परिभाषित गर्दै समालोचक रजनी ढकाल (२०६७) का अनुसार – पितृसत्ता समाजमा नारीलाई अधिनस्थ तुल्याउने ज्ञानको उत्पादन र वितरणको प्रक्रिया रहेको छ । नारीकेन्द्री ढकालको यस अध्ययनमा समाजमा उत्पादन भएका ज्ञानको स्थिति नारीलाई अधिनस्थ तुल्याउने प्रकृतिका तथा नारीको दमनका लागि निर्माण गरिएको विषयसम्बद्ध रहेको छ । अध्यात्मवादबाट अनुप्रणित सामाजिक संरचना रहेको समाजका अन्तरसाक्ष्यमा गरिएको प्रस्तुत अध्ययनले समाजमा नारीका विषय र पक्षमा निर्माण भएका ज्ञानको अपर्याप्तताका कारण समाजमा नारीको अवस्था चीर कालदेखि शासितकै रूपमा रहन बाध्य रहेको मुख्य कारकका रूपमा समालोचक ढकालले पितृसत्तालाई औंल्याएकी छन् । नेपाली साहित्यका सन्दर्भमा नेपाली समाजको संरचना पितृसत्तात्मक रहेकाले साहित्यिक पाठमा आउने भाष्य पनि पितृसत्तात्मक रही नारीहरू सदैव शासित र उपेक्षित रहेको विषयको विवेचनाका सन्दर्भमा सैद्धान्तिक प्रतिमानको आधार निर्माण गर्नका लागि ढकालको प्रस्तुत अवधारणा उपयोगी रहेको छ ।

पितृसत्ताको विषय सामाजिक संरचना र अभ्यासका क्रममा पुरुषले आफ्नो वर्चश्व स्थापना गर्ने प्रयोजनका लागि नारीमाथि थोपरेको पुरुषकेन्द्री विचारधारा रहेको छ । वर्तमानमा आधुनिक भनिने पाश्चात्य समाजमा उत्पादन र विकास भएका ज्ञानले पनि पितृसत्ताको विषयलाई पूर्ण रूपमा त्याग गर्न सकेको छैन । पितृसत्ताको जननीका रूपमा रहेको सामाजिक संरचना नै प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महिलालाई अधिनस्थ तुल्याउने ज्ञान निर्माणका लागि क्रियाशील रहेका छन् । पितृसत्ताको विषय सामाजिक संरचनासम्बद्ध ज्ञानमा आधारित रहेको विषयहो । रमेशप्रसाद भट्टराई (२०७६) अनुसार — सामाजिक संरचना पुरुषमुखी भई महिलामाथिको दमन र उत्पीडन गर्ने विचारधारा जसले पारिवारिक, आर्थिक, सामाजिक, लैङ्गिक, सांस्कृतिक, भाषिक, राजनीतिक र कानुनी हिसाबले समेत पुरुष वर्चश्वलाई केन्द्रमा राख्दछ । प्रस्तुत अध्ययनमा पितृसत्ताको मूलभूत पक्षका रूपमा सामाजिक संरचनामा निर्माण हुने ज्ञानका आधारमा पितृसत्ताको विषय निर्धारण हुने पक्षमाथि प्रकाश पारिएको छ । सामाजिक संरचनामा निर्माण हुने भाष्य र त्यसको प्रशारण समाजका विभिन्न तहमा विस्तारित हुने क्रममा यस विचारधाराले सैद्धान्तिकरणको अवसर पाउने तथ्य सिद्ध रहेको छ । प्रस्तुत अध्ययनले साहित्यिक पाठमा पितृसत्ताको आधार र त्यसको उपयोग कसरी गरिएको छ भन्ने विषयलाई लेखकले निर्माण गरेको भाष्यका आधारमा खोजी उक्त विषयलाई प्रकाशित गर्नुपर्ने तथ्यमाथि प्रकाश पारेको छ । प्रस्तुत अध्ययनमा सैंद्धान्तिक पर्याधारअन्तर्गतको एक प्रतिमानको सिद्धान्त पक्ष निर्माणका लागि यो अध्ययन महत्त्वपूर्ण सामग्रीका रूपमा रहेको छ ।

**लैङ्गिक प्रतिनिधित्व**

नारीवादको अध्ययनअन्तर्गत साहित्यिक पाठको विश्लेषण गर्ने प्रतिमानका रूपमा लैङ्गिक प्रतिनिधित्व रहेको छ । प्रतिनिधित्व पनि राजनीतिक विषयसम्बद्ध सिद्धान्त रहेको छ भने यसले समालोचना पद्धतिका रूपमा पनि आफ्नो स्थान बनाएको छ । प्रतिनिधित्वको प्रक्रियाअन्तर्गत साहित्यिक पाठमा स्रष्टाले सृजनामा अभिव्यक्त गरेका लैङ्गिक भूमिका र पात्रको सङ्ख्यात्मक उपस्थितिलाई आधार मानिएको छ । लैङ्गिक प्रतिनिधित्वका विषयमा अमर गिरी (२०६७) को भनाइ यसप्रकारको छ —साहित्यिक पाठमा प्रस्तुत भएका समाजका विभिन्न श्रेणीको प्रतिनिधित्वलाई सांस्कृतिक सन्दर्भसँग सन्दर्भित गरेर हेर्ने अवधारणा प्रतिनिधित्व रहेको छ । साहित्यिक पाठमा प्रस्तुत भएका सामाजिक श्रेणी भन्नाले साहित्यकारले चयन गरेको विषय, पात्र, परिवेश र भाषिक विधानमा समेटिएर आउने सम्पूर्ण प्रक्रिया र उक्त प्रक्रियाबाट निर्माण भएको संरचना भन्ने बुझिन्छ । सामाजिक श्रेणीभित्र प्रयोग गरेको पात्र, यसको सामाजिक/सांस्कृतिक भूमिका, उसले सामाजिक व्यवहारका क्रममा प्रयोग गरेको भाषा, उक्त भाषाले निर्धारण गरेको भूमिका जस्ता विषयलाई खोजी प्रकाशमा ल्याउने कार्य गर्दछ । गिरीको यस अध्ययन स्रष्टाले सृजनामा प्रयोग गरेका पात्रको लैङ्गिक भूमिकाका आधारमा ती पात्रको स्थितिका बारेमा सैद्धान्तिक अवधारणाको निर्माण गर्नका लागि अहम् पूर्वकार्यका रूपमा रहेको छ ।

साहित्यिक पाठमा लैङ्गिक प्रतिनिधित्वको प्रक्रिया पाठभित्र प्रयोग भएका चरित्रको कार्यभूमिकाका आधारमा निर्धारण हुने तथ्य सिद्ध रहेको छ । साहित्यक पाठमा प्रतिनिधित्वको विषयलाई खोजी प्रकाशित गर्ने प्रक्रियाका विषयमा ताराकान्त पाण्डेय (२०६७) लेख्छन् —साहित्यिक पाठमा कसको प्रतिनिधित्व कुन रूपमा भएको छ, उक्त प्रतिनिधित्वले प्रस्तुत गरेको राजनीति र पहिचानको अवस्थालाई प्रकाशित गर्ने विषय रहेको छ । पाण्डेयको यस अध्ययनमा समालोचना पद्धतिका रूपमा रहेको प्रतिनिधित्वले सृजनात्मक प्रयोजनका साथै लेखनको विशिष्ट उद्देश्यका रूपमा स्रष्टाले प्रस्तुत गर्न खोजेको राजनीतिक स्थितिलाई समेत कृतिविश्लेषणको अन्तर्यमा विवेचना गर्नु पर्ने विषयको सैद्धान्तिक आधार प्रस्तुत गरेको छ । साहित्यमा समाजको प्रतिबिम्बात्मक स्थितिको प्रयोग आलङ्कारिक रूपमा भए पनि उक्त आलङ्कारिकतामा समावेश भएका विषयले सामाजिक संरचनामा विद्यमान केन्द्रइतरका विषयलाई समावेश गरे/नगरेको पक्षलाई प्रकाशित गर्ने सैद्धान्तिक प्रतिमान निर्माणका लागि प्रस्तुत अध्ययन महत्त्वपूर्ण पूर्वकार्यका रूपमा रहेको छ ।

प्रतिनिधित्वको विषय भाषिक संरचनामा रहेका सङ्केतका आधारमा निर्धारण हुने भएकाले पाठको निर्माणका क्रममा स्रष्टाले कस्ता भाषिक सङ्केतको प्रयोग गरेको छ त्यसलाई आधार मानी प्रकाशित गर्ने समालोचनात्मक अनुशासन रहेको छ । प्रतिनिधित्वको विषयमाथि प्रकाश पार्दै रमेशप्रसाद भट्टराई (२०६७) लेख्छन् — पाठले प्रस्तुत गरेको अर्थको खोजी पाठमा प्रयोग गरेका सङ्केतका आधारमा गरिने समालोचना पद्धति जसले समाजिक संरचनाले प्रस्तुत गरेका शासक र अधिनस्थको सत्ता सम्बन्धका आधारमा गर्दछ ।भट्टराईको यस अध्ययनले स्रष्टाले साहित्यिक पाठमा प्रस्तुत गरेका भाषिक सङ्केतका आधारमा ती सङ्केतभित्र विद्यमान साहित्यिक आलङ्कारिकताको प्रयोजनका अतिरिक्त राजनीतिक विषयसमेतको सूक्ष्म पर्यावलोकन गरी तिनको अन्तर्सम्बन्धमाथि प्रकाश पारिनु पर्ने सैद्धान्तिक मत प्रस्तुत गरेको छ । प्रस्तुत अध्ययनमा आएका सैद्धान्तिक अवधारणाको उपयोग गिरीका औपन्यासिक पाठमा लैङ्गिक भूमिकासहित चित्रण भएका पात्रको भूमिका तथा तिनको विशिष्ट लैङ्गिक पहिचान र कार्यप्रकृति समेतको विवेचनाका लागि सैद्धान्तिक पर्याधारको निर्माण र निर्धारण गर्ने कार्यका लागि उपयोगी रहेको छ ।

परम्परारुढ सामाजिक संरचना भएका स्थानमा नारीको भूमिका र तिनको समाजमा उपस्थिति कमजोर रूपमा प्रस्तुत हुने विधान पितृसत्तात्मक ज्ञानले निर्धारण गरेको विषय हो । पितृसत्तात्मक समाजमा नारीलाई कमजोर र पुरुषलाई शक्तिशाली मान्ने ज्ञानको निर्माण र प्रशारण भएको छ । जैविक र प्राकृतिक निर्मितिका आधारमा नभईसमान अवसरका

आधारमा प्रतिनिधित्वको विषयलाई प्रस्तुत गर्नुपर्ने दृष्टिकोण र आवाज विकसित बन्दै गएको छ । प्रतिनिधित्वको विषय नारीलाई कमजोर मान्ने पूर्वाग्रहपूर्ण पितृसत्तात्मक विचारधारा अनुप्रणित रहेको तर्क गर्दै रजनी ढकाल (२०६७) लेख्छिन् — सामाजिक भूमिकामा महिलालाई कमजोर र पुरुषलाई शक्तिशाली मानिने सामाजिक मूल्यसम्बद्ध भाष्य तथा नारीलाई कम शक्तिशाली वा शक्तिहीन रूपमा प्रस्तुत गर्ने भाष्य प्रतिनिधित्व हो । प्रतिनिधित्वको विषय जैविक निर्मितिका आधारमा निर्माण हुने विषय नरहेकाले पूर्वाग्रहपूर्ण रूपमा लादिएका पितृसत्तात्मक विचारधाराले लैङ्गिक प्रतिनिधित्वको उचित व्यवस्था नभएको विषयलाई यस अध्ययनले सङ्केत गरेको छ । ढकालको यस अध्ययनले लैङ्गिक प्रतिनिधित्वका लागि साहित्यिक पाटमा के कस्ता विषय समावेश हुनुपर्दछ भन्ने विषयलाई प्राथमिकतापूर्वक उठान गरेको छ । यस पूर्वकार्यको उपयोग लैङ्गिक प्रतिनिधित्वको अध्ययनका लागि सैद्धान्तिक सामग्रीका रूपमा रहेको छ ।

**प्रभुत्व र विभेद**

प्रभुत्व सांस्कृतिक अध्ययनअन्तर्गत साहित्यिक पाठमा विद्यमान शासित र अधिनस्थ बीचको सम्बन्धलाई प्रकाशमा ल्याउने सिद्धान्त रहेको छ । प्रभुत्वको सैद्धान्तिक अवधारणाले साहित्यिक पाठमा प्रस्तुत गरेको धारणा र चित्रण गरेको समाजलाई सामाजिक संरचनाका रूपमा लिई उक्त पाठमा रहेको शासक र शासित बीचको सङ्कथन कसरी निर्माण भएको छ तथा शासकले आफ्ना विचारधारालाई सहमतीय वा दवाबका आधारमा कार्यान्वयन गरेको छ भन्ने विषयको खोजी गर्दछ । पितृसत्तात्मक समाजमा रहेको पुरुष वर्चश्वले नारीमाथि गरेको विभेदकारी ज्ञानको उपयोगलाई सँस्कृतिक अध्ययनसम्बद्ध प्रभुत्वका रूपमा अध्ययन गर्ने भएकाले नारीवादको एक प्रतिमानका रूपमा प्रभुत्व र विभेदलाई लिन सकिन्छ । प्रभुत्व राजनीतिक विषय रहँदारहँदै पनि यसले अन्तरअनुशासनात्मक विषयका रूपमा साहित्यको समालोचना गर्दछ । प्रभुत्वको सैद्धान्तिक अवधारणालाई संश्लेषण गर्दै अमर गिरी (२०६७)लेख्छन् —प्रभुत्व सामाजिक संरचनामा शक्ति र अधिनस्थबीचको सम्बन्धका आधारमा शक्तिशाली वर्गको विचारधारा तथा प्रभुत्वको आडमा शासित समुदायमाथि गरिएको वा जबरजस्ती लादिएको विचार हो । प्रस्तुत अध्ययनमा शासक र शासितका बीचमा हुने पारस्परिक सम्बन्धका आधारमा शासकले आफ्ना विचारधारा कसरी शासित माथि थोपरिरहेको छ तथा शासितले कसरी अधिनस्थ भइरहन स्वीकार गरेको छ भन्ने पक्षलाई साहित्यिक संरचनामा खोजी प्रकाशित गर्ने विषयलाई प्रस्तुत गरेको छ । प्रस्तुत अध्ययनले समेटेको विषय र दृष्टिकोण यस अध्ययनको एक सैद्धान्तिक प्रतिमानका रूपमा रहेको प्रभुत्व र विभेदको सिद्धान्त पक्ष निर्माणका लागि सहयोगी सामग्रीका रूपमा रहेको छ ।

सामाजिक संरचनामा विद्यमान रहेका ज्ञानको प्रतिबिम्बन साहित्यिक पाठमा प्रस्तुत हुने भएकाले प्रभुत्वको विषय समालोचना पद्धतिको एक प्रतिमानका रूपमा रहेको छ । प्रभुत्वको विषयलाई संश्लेषण गर्दै ताराकान्त पाण्डेय (२०६७) लेख्छन् — प्रभुत्व भौतिक र विचारधारात्मक उपकरणहरूको संयोजन जसबाट प्रभुत्वशाली वर्गले सत्ता स्थापित गर्ने माध्यम रहेको छ । प्रभुत्वको अध्ययन विना सामाजिक संरचनामा रहेको शासक र शासित बीचको सम्बन्ध बाहिर नआउने तथा सामाजिक संरचनामा विद्यमान विभेदको अवस्था ज्ञात नहुने भएकाले नारीवादका अध्ययनको एक प्रतिमानका रूपमा प्रभुत्व र यसले निर्माण गर्ने विभेद रहने देखिन्छ । प्रस्तुत पूर्वकार्यको उपयोग गिरीका उपन्यासमा लैङ्गिक प्रभुत्वको अवस्थाको विश्लेषण गर्ने सन्दर्भमा सैद्धान्तिक अवधारण निर्माण गर्ने प्रयोजनका लागि उपयुक्त र सान्दर्भिक रहेको छ ।

प्रभुत्वको सिद्धान्त शासक र शासितका बीचमा रहने सम्बन्धबाट निःश्रृत विषय हो । शासकले शासक भइरहनका लागि निर्माण गर्ने विचारधाराको समग्र संरचनालाई यसले आफ्नो सिद्धान्तमा समेटेको छ । रमेशप्रसाद भट्टराई (२०६७)ले शासक वर्गले पछिका समुदायको दमनका लागि निर्माण गर्ने नियम, मूल्य र मान्यता विषयक विचारधारा जसले सत्ताइतर रहेका व्यक्ति वा समुदायमाथि आफ्ना विचार लादेर अधीनमाथि दमन र विभेदको स्थिति निर्माण गर्ने सैद्धान्तिक आधारलाई

प्रभुत्व भनेका छन् । पितृसत्तात्मक सामाजिक संरचनाले महिलामाथि थुपारेका सामाजिक/सांस्कृतिक नियम, आर्थिक व्यवस्थामाथि पुरुषको नियन्त्रण तथा जैविक निर्मितिका आधारमा गरिने विभेदजस्ता विषयले प्रभुत्वशाली वर्गका रूपमा पुरुषलाई स्थापित गर्ने विषयलाई लैङ्गिक प्रभुत्वका रूपमा अध्ययन गर्ने सैद्धान्तिक मान्यता रहेको छ । प्रस्तुत पूर्वाध्यायनलाई सैद्धान्तिक पर्याधार निर्माण गर्ने प्रयोजनका लागि उपयुक्त सामग्रीका रूपमा लिनसकिन्छ ।

प्रभुत्व शासक र अधिनस्थ बीचको सम्बन्धलाई विवेचना गर्ने सिद्धान्त रहेको छ । लैङ्गिक अध्ययनका सन्दर्भमा प्रभुत्व र विभेदसमेतको अवस्थालाई संश्लेषण गर्दै रजनी ढकाल (२०६७) लेख्छिन् — प्रभुत्व परम्परागत सामाजिक संरचनामा महिलालाई शासितका रूपमा राख्न निर्माण गरिएको ज्ञानका कारण सृजित अवस्था हो । ढकालको प्रस्तुत अध्ययनमा समाज विकासको दीर्घतर परम्परामा पितृसत्ताका कारण अधिनस्थ तुल्याइएका नारीहरूको अवस्थालाई प्रस्तुत गरेको छ । नारीवादले पितृसत्ताले अधिनस्थ तुल्याएका नारीको अध्ययन गर्ने विषय भएकाले प्रभुत्वलाई एक प्रतिमान मानी विश्लेषण गर्न सकिने आधार प्रस्तुत गरेको छ । प्रस्तुत पूर्वकार्यलाई प्रभुत्व विषयक सैद्धान्तिक पर्याधार निर्माणका लागि उपयुक्त सामग्रीका रूपमा लिनसकिन्छ ।

प्रभुत्वको सिद्धान्त राजनीतिक विषयबाट साहित्यको समालोचना गर्ने पद्धतिसम्म विस्तारित रहेको छ । रमेशप्रसाद भट्टराई (२०७६) सांस्कृतिक प्रभुत्वको विषयमा लेख्छन् —प्रभुत्व साहित्यिक पाठमा महिला र पुरुषको अवस्थालाई कसरी प्रस्तुत गरिएको छ भन्ने विषयलाई प्रकाशमा ल्याउने सिद्धान्त रहेको छ । यस अध्ययनले साहित्यमा प्रतिबिम्बित सामाजिक संरचना उक्त संरचनामा अभिव्यक्त भएका दृष्टिकोण अझ भनौं पाठमा प्रस्तुत भएका सङ्केतका आधारमा प्रतिनिधित्वको पहिचान गरी ती विषय कसरी प्रस्तुत भएका छन् एवम् तिनले उठाउन खोजेको मूल विषय के हो भन्ने अवधारणाको सैद्धान्तिक पक्षको पृष्ठपोषण गर्दछ । भट्टराईको यस अध्ययनलाई एक सशक्त पूर्वकार्यका रूपमा लिई नारीवाद अन्तर्गत साहित्यिक पाठमा चित्रण भएका प्रभुत्वको अवस्थालाई मूल्याङ्कन गर्ने सैद्धान्तिक सामग्रीका स्थानमा उपयोग गर्न उपयुक्त छ ।

**नारीवाद**

नारीवाद नारीलाई मताधिकारबाट बञ्चित गरेको पाश्चात्य सामाजिक संरचनाका विरुद्ध चलाइएको राजनीतिक आन्दोलनबाट विकास भई वर्तमानमा पहिचान र अधिकार प्राप्तिका हरेक विषयसम्बद्ध सिद्धान्त रहेको छ । साहित्यिक समालोचना पद्धतिका रूपमा यसको स्वतन्त्र स्थान रहेको छ भने अन्तरअनुशासनात्मक विषयका रूपमा यस विषयको छुट्टै पहिचान स्थापित रहेको छ । अमर गिरी (२०६७) ले नारीवादलाई पितृसत्तात्मक समाजमा नारी आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक संरचनामा कहाँ छन्, उनीहरूको स्थान र उत्पीडन र त्यसका विरुद्ध प्रतिरोधी स्तरको अध्ययन गर्ने सिद्धान्त भनेका छन् । राजनीतिक विषयका आधारमा संश्लेषित अवधारणा प्रस्तुत गरिएको यस अध्ययनमा सामाजिक/सांस्कृतिक विषयलाई प्रस्तुत गर्ने साहित्यमा प्रतिबिम्बित विचारधारालाई विवेचना गरी प्रकाशमा ल्याउने विषयका रूपमा लिन सकिने आधार प्रस्तुत गरेको छ । यस अवधारणाको उपयोग नारीवादको सिद्धान्त निर्माणका लागि महत्त्वपूर्ण सामग्रीका रूपमा रहेको छ ।

नारीवादले महिलालाई केन्द्रमा राखी सामाजिक संरचनाले निर्माण गरेका ज्ञान र तिनको प्रशारणका व्यतिरेकमा लैङ्गिक समविकासको सिद्धान्तलाई अङ्गीकार गरेको छ । नारीवादको केन्द्रीय विषय नै पितृसत्ताले उत्पादन गरेको ज्ञानका कारण किनारामा रहेका महिलाको प्रतिरोधी चेतनालाई प्रकाशमा ल्याउनु रहेको छ । भट्टराई (२०६७) नारीवादका प्रमुख अभिलक्षणका विषयमा लेख्छन् — नारीवाद नारीहरू पछि पर्नुको कारण सामाजिक संरचना र अभ्यास छ भन्ने मान्यतालाई केन्द्रमा राखी नारी वर्चश्व र प्रतिकार केन्द्री विचारधारा रहेको छ । सामाजिक संरचनाले महिलालाई अधिनस्थ तुल्याउनुको

कारण तथा पुरुष वर्चश्वले महिलामाथि गरेको दमनकारी विधानका कारण नारीहरूको अवस्था पराधीन बनेको विषयलाई परिहार गरी नारी–पुरुष समानताको पृष्ठपोषण गर्ने सिद्धान्तको पहिचान नारीवादलाई प्राप्त रहेको छ । प्रस्तुत पूर्वाध्यायनलाई नारीवादको सैद्धान्तिक पर्याधार र कृतिविश्लेषणको आधार निर्माणका लागि उपयुक्त सैद्धान्तिक सामग्रीका रूपमा लिनसकिन्छ ।

नारीवाद सामाजिक संरचनामा नारीलाई पछि पारिएको वा विभेद र वञ्चितीकरणका कारण आफ्नो पहिचान प्राप्त गर्न नसकेका नारीलाई मूलधारसँग जोड्ने विषय मात्र नभई नारीलाई समान अवसर सिर्जना गर्ने सिद्धान्त रहेको छ । ढकाल (२०६७) ले नारीकेन्द्री भाष्यका आधारमा नारी सर्वोच्चतालाई अवलम्बन गर्ने राजनीतिक सिद्धान्तका आधारमा साहित्यिक पाठको विश्लेषण गरी नारीको अवस्थालाई पहिचान र प्रकाशित गर्ने सिद्धान्तका रूपमा नारीवादलाई परिभाषित गरेकी छन् । साहित्यमा प्रस्तुत भएको नारीको भूमिकालाई पहिचान गरी त्यसका आधारमा नारीको सर्वाङ्गीण हितका विषयमा आवाज र प्रतिरोध चेतना प्रस्तुत गर्ने सिद्धान्त रहेको छ । नारीवादले नारीकेन्द्री भाष्यको निर्माणका साथै राजनीतिक रूपमा नारीको प्रभुत्व स्थापनालाई केन्द्रविन्दुका रूपमा अध्ययन गर्ने भएकाले प्रस्तुत पूर्वाध्यायनलाई सैद्धान्तिक पर्याधार निर्माण गर्ने सन्दर्भमा उपयोग गर्नसकिने सामग्री हो ।

नारीवादका विषयमा भएका अधिकतर अध्ययनले नारी प्रभुत्वको विषयलाई आफ्नो अध्ययनमा समेटेका छन् । यस विषयमा भट्टराई (२०७६) लेख्छन् —नारीवादले महिला विषयक एक सशक्त सिद्धान्त जसले साहित्यिक पाठका चित्रित महिलालाई नारीकेन्द्री भाष्यका आधारमा सामाजिक संरचनामा भएका नारी दमन र नारीलाई अधिनस्थ तुल्याउने भाष्यका विरुद्धमा एकल र सामूहिक रूपमा नारी विरोधी भाष्य र ज्ञानका विरुद्ध प्रतिकार गर्दछ । प्रस्तुत अध्ययन नारीकेन्द्री भाष्यलाई आधारका रूपमा लिई नारी प्रभुत्व स्थापना तथा पुरुष बराबरको अधिकार तथा शक्तिसम्पन्न तुल्याउनु पर्ने विचारधाराको पृष्ठपोषण गर्दछ ।

**निष्कर्ष**

नारीवाद पाश्चात्य राजनीतिक सिद्धान्तको महत्त्वपूर्ण प्राप्तिका रूपमा रहेको छ । राजनीतिक रूपमा नारी–पुरुष समता र समानताका विषयमा आवाज उठाउने यस सिद्धान्तले परम्परागत सामाजिक संरचनाले स्थापना गरेका समग्र विचारधाराका व्यतिरेकमा आफ्ना विचारधारा र सिद्धान्त स्थापित गरेको छ । वर्तमान अध्ययन र अनुसन्धानको क्षेत्रमा आफ्नो स्वतन्त्र र विशिष्ट अनुशासनका रूपमा रहेको यस सिद्धान्तअन्तर्गत समाजमा विद्यमान पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व, सत्ता सम्बन्ध, सामाजिक/सांस्कृतिक विभेद, वञ्चितीकरण, केन्द्रइतर तुल्याइएका नारीको अवस्था, लैङ्गिक समता, समानता तथा समान अधिकार, प्रभुत्व तथा पितृसत्तात्मक ज्ञानका कारण विभेदमा परेका नारीहरूको एकल र सामूहिक प्रतिरोध जस्ता विषयका अतिरिक्त लैङ्गिकतासँग जोडिएका सबै विषयलाई आफ्नो अध्ययन क्षेत्रमा समेटेको छ । मूलभूत रूपमा नारीवादको अध्ययन क्षेत्रभित्र, पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व र सत्ता सम्बन्ध, प्रभुत्व र विभेद जस्ता प्रतिमान शक्तिशाली विषयका रूपमा रहेका छन् । यस लेखमा नारीवाद सैद्धान्तिक समालोचनाको संश्लेषण संश्लेषणका क्रममा उपर्युक्त सैद्धान्तिक समालोचनालाई पूर्वकार्यका रूपमा लिइएको छ । उपर्युक्त पूर्वकार्यमा मुख्य विषयका रूपमा पितृसत्ता, लैङ्गिक प्रतिनिधित्व र सत्ता सम्बन्ध, प्रभुत्व र विभेद तथा नारीवादका विषयमा प्रस्तुत भएका अवधारणालाई संश्लेषण सहित भावान्तरण गरी उद्धरणका रूपमा प्रयोग गरिएको छ । चारवटै विषयका बारेमा प्रस्तुत गरिएका कथनमा विद्यमान रहेका सैद्धान्तिक अवधारणाले प्रस्तुत गर्न खोजेको मूल आशयको समर्थन नारीवाद विषयक अध्ययनका लागि महत्त्वपूर्ण सैद्धान्तिक सामग्रीका रूपमा रहने निष्कर्ष यस अध्ययनको रहेको छ ।

## सन्दर्भ सामग्रीसूची

गिरी, अमर (२०६७). सांस्कृतिक अध्ययनका आधार र अवधारणा. *भृकुटी पूर्णाङ्क* १०, पृ. ११–४६ ।

ढकाल, रजनी (२०६७). सांस्कृतिक अध्ययनमा लैङ्गिकता. *भृकुटी पूर्णाङ्क* १०, पृ. ३२६–३३३

पाण्डेय, ताराकान्त. मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र. *भृकुटी पूर्णाङ्क* १०, पृ. १७२–१९३ ।

भट्टराई, रमेशप्रसाद (२०६७). सांस्कृतिक अध्ययनका मूलभूत सिद्धान्त. *भृकुटी पूर्णाङ्क* १०, पृ. ३३४–३६४ ।

भट्टराई, रमेशप्रसाद (२०७६). लैङ्गिक अध्ययन. *रत्न बृहत् नेपाली समालोचना : सैद्धान्तिक खण्ड*. (दोस्रो संस्क.), राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम (सम्पा.) रत्न पुस्तक भण्डार, पृ. २४४–२५८ ।